नेपाल सरकार
मा. गोकुल प्रसाद बाँस्कोटा
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

# विश्व हुलाक दिवस सन् २०१८(वि.सं. २०७५) को शुभकामना

नेपालले सम्बत् २०१३ मा विश्व हुलाक संघको सदस्यता ग्रहण गरेपछि संसारमा भएको हुलाक विकासक्रमलाई आत्मसात गर्दै आएको छ । विश्वका हुलाक सेवाहरु समय सापेक्ष रुपमा व्यावसायिक र प्रविधिमैत्री भई जन–साधारणको अधिक विश्वास आर्जन गर्दै आइरहेको सन्दर्भमा राम्रो हुलाक प्रशासनलाई भरपर्दो, विश्वसनीय र प्रतिस्पर्धी बनाउनु आजको आवश्यकता हो । नेपाल सरकारले चालु आर्थिक वर्षमा अवलम्बन गर्दै आएको नीति, बजेट तथा कार्यक्रममा हुलाक सेवाको पुर्नसंरचना र सुधार गर्ने कुरा उल्लेख भएको छ । विविध कारणले पछि परेको नेपालको हुलाक प्रशासनलाई बदलिँदो परिवेशमा केही स्वायतता, उत्प्रेरणा र व्यवसायमैत्री बनाउनु अपरिहार्य भैसकेको छ ।

आगामी दिनमा हुलाक सेवा मार्फत प्रदान गरिने सेवालाई प्रभावकारी बनाउदै, जनताको आशा लाग्दो माध्यमको रुपमा यसको संरचना सुधार गर्दै, सूचना प्रविधिको व्यापक प्रयोगद्वारा विद्युतीय व्यापार तथा वित्तीय समावेशीकरण तर्फ सघन कार्यक्रम संचालन गर्दै जाने प्रणालीको विकास गरिनेछ । विश्व हुलाक संघको प्राविधिक एवम् प्रशासनिक सहयोग र सुझाव स्वीकार्दै नेपालको हुलाकलाई संसारकै सफल हुलाक सेवा अपनाएका देशहरुसँग ज्ञान र अनुभव हाँसिल गर्दै आधुनिकीकरण गर्नेतर्फ वर्तमान सरकारले कदम चालिसकेको कुरा जानकारी गराउँदै आजको यस शुभ अवसरमा सम्पूर्ण हुलाक कर्मचारीहरु र शुभचिन्तकहरुमा शुभकामना दिन चाहन्छु ।

धन्यवाद !

मिति: २०७५।०६।२३

गोकुल प्रसाद बाँस्कोटा
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

मा. गोकुल प्रसाद बाँस्कोटा
मन्त्री

फोन नं. ९७७-१-४२११५५५, ४२११७०१, ४२११६४०, (कार्यालय) फ्याक्स : ९७७-१-४२११६००

नेपाल सरकार
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
प.सं.
च.नं.
सिंहदरबार, काठमाडौं

## विश्व हुलाक दिवस सन् २०१८ (बि.सं. २०७५) को शुभकामना

सन् १९६९ मा विश्व हुलाक संघ (यूपियु) ले जापानको टोकियोमा आयोजना गरेको १६ औं यूपियु कंग्रेसले प्रत्येक बर्षको अक्टोवर ९ तारिखलाई विश्व हुलाक दिवसको रूपमा मनाउने गरी निर्णय गरेपछि मनाउन थालिएको यो दिवस यस बर्ष आजको दिनमा परेको छ ।

यसै क्रममा यूपियुको मूल लक्ष्य अभिनवीकरण, एकीकरण र समावेशीकरण (Innovation, Integration and Inclusion) लाई केन्द्रमा राख्दै नेपालमा पनि यो दिवस मनाइंदै छ । देशको दुर-दराजमा पहुँच रहेको र जनताको लोकप्रिय सञ्चारको सबैभन्दा पूरानो माध्यम हो हुलाक सेवा । सञ्चारको माध्यमद्धारा आपसी सद्भाव एवं भाइचारा बृद्धि गर्दै सामाजिक, आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले नेपालमा वि.सं. १९३५ सालदेखि यसको स्थापना र सञ्चालन भएको हो । देशको समावेशी विकास र नवनिर्माणमा हुलाकको समेत योगदान रहेको तथा "सम्बृद्ध नेपाल सुखी नेपाली" को मूल नारा पूरा गर्न सुदृढ हुलाक सेवाको खाचो रहेको छ ।

परिवर्तित सञ्चार जगतमा हुलाकले पनि आफूलाई रुपान्तरण गर्नुपर्ने आवश्यक्ता रहेको सन्दर्भमा प्रभावकारी हुलाक सेवा बनाउन नयाँ सेवाको खोजी गर्नुपर्नेमा जोड दिनु आजको आवश्यकता हो । टेलिफोन र इन्टरनेट लगायतका प्रविधिले सूचना र सञ्चारको क्षेत्रमा चुनौती दिएको तथा निजी कुरियर कम्पनीहरूले सेवालाई व्यावसायिक बनाएको सन्दर्भमा नेपालको हुलाकलाई प्रविधियुक्त बनाउनु पर्दछ । नवप्रवर्तनलाई आत्मसात गरेर सेवा सँगै व्यवसाय सञ्चालन गर्न सकेमा हुलाकले पनि विश्व बजारमा आफ्नो छुट्टै स्थान बनाउन, रोजगारी सिर्जना गर्न, नाफा आर्जन गर्न, तथा व्यापार प्रबर्द्धन गर्न टेवा मिल्ने कुरामा दुई मत रहँदैन ।

प्रविधिको क्षेत्रमा धेरै प्रगति गरेका देशहरूमा हुलाक सेवा अझै सशक्त रहेको तथा व्यावसायमा विविधिकरण, परिमार्जन तथा समयानुकुल परिवर्तन गरेर सेवासँगै नाफा समेत आर्जन गरेका उदाहरणहरूवाट नेपालमा पनि हुलाक सेवालाई नयाँ जीवन दिने प्रतिबद्धताकासाथ सबै शुभ-चिन्तकहरूमा विश्व हुलाक दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२३ आश्विन, २०७५

महेन्द्र मान गुरुङ्ग
सचिव

फोन नं. : ४२११५५६, ४२११६५०, ४२११६९५, फ्याक्स नं.: ४२११७२९, ४२११६१०
Email : info@moic.gov.np, Website : www.moic.gov.np